# ..............इन्स्योरेन्स कम्पनी लिमिटेड

................ कार्यालय : ......................................... .....................................

फोन नं. – ............. ................. फ्याक्स – .................. ईमेल...............................

## मौरी बीमालेख

मौरी धनीद्वारा प्रस्ताव तथा घोषणा, जुन कुरा यस करारको आधार हुने तथा यस बीमालेखमा समावेश भएको मानिने विषयमा सहमति जनाई बीमाशुल्कको रकम भुक्तानी भएको आधारमा ......................इन्स्योरेन्स कं लि. (यसपछि बीमक भनिएको) समक्ष देहायमा उल्लिखित बीमाको लागि प्रस्ताव गरिएकोले यस बीमालेखको अनुसूची, विवरण तालिका, परिभाषा, विशेष व्यवस्था, अपवाद र सर्तहरू यस करारनामाको अभिन्न अङ्ग मानिने गरी बीमा शुल्क भुक्तानीको प्रतिफल स्वरूप बीमकले बीमालेखको अवधिभित्र विवरण तालिकामा उल्लेख भए बमोजिमका मौरी/घार को क्षति/हानी-नोक्सानी भएमा बीमाङ्क को सिमा भित्र रहि सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछ ।

### बीमालेखले रक्षावरण गर्ने जोखिमहरू :

यस बीमालेख अन्तर्गत देहायका जोखिमहरू समावेश गरिएको छ :

(१) देहायका कुनै कारणबाट अनुसूचीमा उल्लिखित मौरी/घार बीमालेखको अवधिभित्र हानी-नोक्सानी भएमा बीमकले उक्त अनुसूचीमा उल्लिखित बीमाङ्क रकमको सिमा सम्म वास्तविक क्षतीको ९० प्रतिशत रकम सम्म बीमितलाई भुक्तानी गर्नेछ :

- (क) आगलागी, चट्याङ
- (ख) भूकम्प,
- (ग) बाढी/डुवान /खडेरी
- (घ) पहिरो/भूस्खलन,
- (ङ) आँधिबेहरी, असिना, हिऊँ वा तुसारो,
- (च) आकस्मिक/दुर्घटनाजन्य बाह्य कारणहरु,
- (छ) चरन प्रयोजनको लागि ढुवानी गरी ल्याउदा/लग्दा सवारी साधन दुर्घटना, बाढी, पहिरो, बन्द, हड्ताल जस्ता काबु बाहिरको कारणबाट,
- (ज) मौरी रोग/परजिवी र प्राकृतिक शत्रुहरुको महामारी,
- (झ) चरनमा वा घारमा विषदी पर्न गै मौरी नष्ट भएमा,
- (ञ) मौरी स्थानान्तरण क्षति भएमा

## क्षतिपूर्ति नदिने अवस्थाहरु

बीमकले निम्न अवस्थाहरुमा यस बीमालेख अन्तर्गत दाबी भुक्तानी गर्ने छैन :

(१) मह उत्पादन नभएमा ,

(२) मौरी धनी वा निजका एकाघर परिवारका सदस्यको लापरवाहीको कारणले वा जानाजान मनोरञ्जनको उद्देश्यबाट वा रिसइवीपूर्ण व्यवहारको कारणबाट क्षति भएमा ,

(३) मौरी/घार चोरी भएमा ,

(४) युद्ध, अतिक्रमण, विदेशी सैन्य कारवाही (युद्ध घोषणा भएको होस् वा नहोस्), गृहयुद्ध, राजद्रोह, कान्ति, सत्ता विप्लव, सैनिक विद्रोहको कारणबाट बीमित मौरी/घार मा क्षति भएमा ।

(५) देहायको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सिर्जना भएको वा सोको प्रतिकूल योगदानबाट उत्पन्न कारणले बीमित मौरी/घार मा क्षति भएमा :

(क) आणविक विकिरण वा आणविक इन्धनको ज्वलनपछि शेष रहेको बेकम्मा पदार्थबाट निस्कने रेडियोधर्मिता (स्वतः जारी रहने अणुको विच्छेदनको ज्वलनसमेत) को सकियताको संसर्गबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हुने कुनै दुर्घटना,

(ख) आणविक हातहतियारबाट उठेको वा सोसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको कारणबाट भएको दुर्घटना ।

(६) मौरी धनीले प्रस्ताव फाराममा विवरण दिँदा झुट्टा विवरण दिएमा वा जोखिम मूल्याङकन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुट्टा कुरा उल्लेख गरेमा बीमक दाबीप्रति उत्तरदायी हुने छैन ।

## सर्तहरु

१) प्रत्येक मौरी बाकसलाई सुरक्षित तथा प्रष्ट सँग देखिने गरी सङ्केत चिन्ह लगाउनु पर्छ र सो खर्च बीमकबाट व्यहोरीनेछ ।

२) <u>एक गोलामा कम्तीमा ५ वटा फेम अनिवार्य हुनु पर्ने ।</u>

३) बीमकले चाहेको जुनसुकै समयमा मौरी/घार निरिक्षण गर्न आउने बीमक वा तोकिएको संस्थाका आधिकारिक प्रतिनिधिलाई मौरी धनीले परीक्षण गर्न दिनु पर्नेछ ।

४) मौरी धनीले मौरी/घार को क्षति/हानी-नोक्सानी भएमा सोको ३ दिनभित्र लिखित जानकारी स्वयम् वा सदस्य संस्था मार्फत बीमकलाई दिनु पर्नेछ । त्यस्तो जानकारी प्राप्त भएको ४८ घण्टाभित्र बीमक वा तोकिएको संस्था वा प्रतिनिधिले क्षति/हानी-नोक्सानीको निरीक्षण गर्न सक्ने हुनाले सो अवधिसम्म मौरी/घार धनीले क्षति/हानी-नोक्सानीको स्थानलाई यथा अवस्थामा राख्नु पर्नेछ । तर क्षति न्यूनीकरण गर्न चालिएको कदमलाई यस प्रावधानले कुनै बाधा पुऱ्याउने छैन ।

५) यस बीमालेख अन्तर्गत बीमित मौरी/घार क्षति भएको कारणबाट हुने अन्य (consequential) थप खर्च वा हानी-नोक्सानीको दाबी गर्न पाइने छैन ।

६) यस बीमालेखको अनुसूचीमा बीमा अवधि समाप्त हुने भनी उल्लिखित भएको मितिमा स्थानीय समय अनुसार रातको बाऱ्ह (१२) बजे पछि यस बीमालेखको अवधि समाप्त हुनेछ ।

## बीमाङ्क तथा बीमाशुल्क गणना

क) बीमाङ्क कायम गर्ने तरिका :

बीमाङ्क = I + II + III

I = प्रति मौरी घार (घार स्टेण्ड) सहितको वास्तविक खरिद मूल्य

II = <u>प्रति मौरी गोला प्रति फ्रेम (मौरी सहित) को वास्तविक खरिद मूल्य</u>

III = बार्षिक औषत प्रति मौरी घार पालन तथा व्यवस्थापन खर्च

ख) बीमाशुल्क बीमाङ्क रकमको पाँच (५) प्रतिशत दरले लाग्नेछ ।

ग) सदस्य संस्था मार्फत बीमा भएमा कुल बीमाशुल्कमा पन्ध्र (१५) प्रतिशत छुट दिइनेछ ।

घ) दोश्रो वर्ष : नविकरण गर्दा
बीमांक कायम गर्दा पहिलो वर्ष "क" को मूल्यमा २० प्रतिशतका दरले ह्रास कट्टी गरी नयां बीमांक कायम गर्नु पर्नेछ ।

नोट : ५ वर्ष भन्दा पुरानो मौरी घारमा पालिएको मौरीको बीमा गरिने छैन् ।

## दाबी सम्बन्धी प्रकिया

१) यस बीमालेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट मौरीधनीको मौरी/घार को हानि नोक्सानी भएमा सोको १५ दिनभित्र वा सो अवधिभित्र संभव नभएमा सोको कारणसहित संभव हुनासाथ बैङ्क वा सदस्य संस्था मार्फत देहायका कागजातहरु बीमक समक्ष पेस गर्नु पर्नेछ :

१) सक्कल बीमालेख
२) पूर्ण रूपले भरिएको दाबी फाराम
३) सम्बन्धित प्राविधिकको प्रतिवेदन
४) सम्बन्धित गा.वि.स/न. पा./वडा को सर्जमिन मुचुल्का

२) बीमा अवधिभित्र जून समय (महिना) मा दाबी पर्छ सोहि समय (महिना) अनुसारको उल्लेखित निर्धारित सुत्रको आधारमा प्रस्तावकले बीमाङ्क गणना गर्दा प्रस्ताव फारम साथ बीमाङ्क निर्धारण फारममा उपलब्ध गराएको मूल्यलाई आधार मानेर दाबी रकम मूल्याङ्कन गरिनेछ ।

३) दाबी भुक्तानी रकम निम्न सुत्र प्रयोग गरी निर्धारण गरिनेछ :

| दावी भुक्तानी (महिना भित्र) | मौरी घार क्षति | मौरी सहितको गोला क्षति |
|---|---|---|
| ३ | I + II + III/४ | II + III/४ |
| ६ | I + II + III/३ | II + III/३ |
| ९ | I + II + III/२ | II + III/२ |
| १२ | I + II + III | II + III |

नोट : बीमा दाबी भुक्तानी गर्दा बीमाङ्क कायम गर्दा लिइएको मूल्यमा नै गणना गरी दाबी भुक्तानी गर्नुपर्छ ।

४) यस बीमा अन्तर्गत बैङ्क र सदस्य संस्था र बीमक बीच मतभेद भएमा वा विवाद उत्पन्न भएमा सोको निरूपण प्रचलित कानुन अनुसार हुनेछ ।

५) यस बीमालेख अन्तर्गत बीमकले दाबी भुक्तानी नदिएमा वा कम दिएमा सोको जानकारी प्राप्त भएको पैंतीस (३५) दिनभित्र मौरी धनीले बीमा समितिमा उजुरी दिन सक्नेछ ।